An Introduction to the Gospel of Mark

# मर्कूस को शुभसमाचार

हेरोल्द ई. विक्की

प्रश्नहरु

हेरोल्द एसमान

# मर्कुस को शुभसमाचार

हेरोल्द ई. विक्की

People's Bible copyright @ 1998 by Northwestern Publishing House
प्रश्नहरु हेरोल्द एसमान

# मर्कुसको शुभसमाचार

## परिचय

नँया करारको पुस्तक खोल्नु भयो भने चारवटा शुभसमाचार – मत्ति , मर्कुस, लुका र युहन्ना बाट शुरुहुन्छ। कुनैपनि धर्मसंन्देशमा त्यसको लेखक को हो भनेर भनिएको छैन। यसको अर्थ उनिहरु अज्ञात छन भन्ने पनि होइन। चर्चको शुरुवात संगै शुभसमाचारहरु लेखियो। त्यही शुभसमाचारको पुस्तक पढेर हामी ति लेखकहरुलाई चिन्दछौ।

चर्चको इतिहासकार युसेविउस (२७५ – ३३९ A.D.) ले एउटा पुस्तक "उपदेशक" जसमा उँहाले पपायाको हराएको पुस्तक चर्च को आधार बाट उध्दहरण गर्नु भएको छ। यस उध्यहरणमा पपायाले देवदुत युहन्ना लाई जेष्ठय भन्नु भएको छ जुन युहन्ना ले यी शब्दहरु आफैलाई युहन्ना २ र ३ युहन्ना मा सम्बोधन गर्नु भएको छ। युसेविउस को उध्दरित लेखले अघडि भन्दछ : "ज्येष्ठय ले यो पनि भन्नुहुन्छ,मर्कुस पुत्रसको अनुवादक हुनुभयो एकदम सही सही लेख्नु भयो, यद्यपी क्रम मिलाएर राख्नु भएन, प्रभुले भन्नु भएको कुरा र वहाँले जे गर्नु भयो उसले याद राख्यो जसले परमेश्वर ले बोलेको कहिले सुनेन न त उ अनुयायीहरु मध्ये एक थियो , तर पछि , मैले भनेजस्तै, उ पुत्रस संग काम गर्न थाल्यो उसको कार्य श्रोताहरु को माग लाई ध्यान मा राखेर परमेश्वर को शब्दहरु को प्रवचन लेख्ने थियो। तसर्थ मर्कुसले सुनेको सवै थोकहरु याद राखेर रिर्कड गर्न गल्ती गरेन। वहाँ एउटा कुरा को लाई बडा सावधान थिए, त्यो उसले सुनेर याद राखेको एक एक शब्द नबिराइकन लेखे ता कि यसले अर्को अर्थ नलाओस।" त्यस कारण पुत्रस को देबदुतिए अधिकार र युहन्नाको देबदुतिए अधिकार ले मर्कुस को धर्म संन्देस लाई साहारा दिन्छ,र पौलको देवदुतिए अधिकार को कुरा गर्दैन (२ तिमोथी ४:११) ।

यस भन्दा बढी मर्कूस को शुभसमाचार प्रेरणा (परमेश्वरले भन्नु भएको एक एक शब्द मर्कूस ले लेखेका हुन )बाट लेखिएको हो तर्सथ यसमा यो समावेस गरिएको छ जुन पवित्र आत्मा परमेश्वरले चर्चलाई पहिले को अध्ययन कर्ता र बर्तमान अध्ययन कर्ता दुबै तपाई र म लगाएत सबै लाई भन्न चाहनु भएको छ। यद्यपि पौलले विषेश पुरानो करार को कुरा गर्नु हुन्छ जब वहाले २ तिमोथी ३:१६ र १७ लेख्नु भयो "सवै धर्मशास्त्रहरु परमेश्वरले दिनु भएको हो। ती धर्मशास्त्रहरु शिक्षा दिनु अघि मानिसको जिवनमा भएका गलत कुराहरु देखाउने काममा उपयोगी छन। धर्मशास्त्रहरु गल्ती सुधार्न अनि उचित जिवन कसरी जिउने त्यो सिखाउन मा उपयोगी छन। परमेश्वरको प्रत्येक सेवक धर्मशास्त्रको प्रयोग गरेर तयार हुनेछ अनि हर किसिमको उत्तम कार्य गर्न उसलाई आवश्यक हरेक कुरा प्राप्त हुने छ" । यी शब्दहरु नंया करारमा लेखिएको सबै र मर्कुस को शुभसमाचार मा पनि पाईन्छ।

किन पवित्र आत्माले नंया करारमा चारवटा शुभसमाचारहरु दिनुभयो ? यद्यपि त्यसमा बस्तु लाई दोहोराएर लेखिएको छ , तैपनि यि चार वटा (शुभसमाचारहरु ) संग (राम्रो प्रयोगमा ल्याउने) र आफैलाई त्यसमा (लेखिएको शब्दमा) समावेस गर्ने आफ्नै तरिका छ। ति सवैमा के सर्वलौकिक छ

त्यसको तुलना गर्दा तथ्य जस्ता को तस्तै रहन्छ। शुभसमाचारको लेखक हरु परमेश्वरको आत्मा द्वारा छानिएका र धर्म संन्देश(शुभसमाचार ) उनिहरुको कार्यक्षमतानुसार र रुची अनुसार हामी फरक भए पनि तपाईको र मेरो आवश्यकता पुर्ति गर्न प्रोत्साहित भएका हुन।

मत्ति स्पष्टता का साथ पुरानो करारमा भएको भविष्यबाणी पुरा भएको को प्रर्दशन दृष्टान्त गर्ने रुची थियो। उसको शुभसमाचार मा ति याहुदीहरु जो येशुमा विश्वास गर्न थाले उनिहरुको रुची थियो। लुकाको कार्य ले थियोपिलस सिमिंगली जस्ता नंया विश्वासी को आवश्यकता पुर्ति गर्नु थियो उसले गरेको विश्वास लाई दृढ वनाउनु थियो।

लुका त्यसको लागी विस्तार पुर्वक जानु भयो , विशेष गरेर परमेश्वरको जिवन को शुरुवात मा चासो थियो। त्यस वाहेक लुका ले जे लेखे ति सवै व्यक्तीगत छानबिन जसमा देखेका साक्षीहरु संग अन्तरवार्ता र ताजा लेखिएको परमेश्वरको जिवनको पुराना लेख को खोजी समिल थियो परमेश्वरको जिवन अब अस्तित्व मा छैन तर मत्ति र मर्कूस को शुभसमाचारमा हुनसक्छ। अन्तिम शुभ समाचार युहन्नाले १०० A.D. ) मा लेखेका हुन जसले इश्वरवादी कुरा हरु को वारेमा थप जानकारी दिन्छ र पिता र पवित्र आत्मा संग वंहाको सम्बन्ध लाई दर्शाउछ। आधि भन्दा धेरै युहन्ना को शुभसमाचार ले येशु को शब्द र येशु को पृथ्वी मा अन्तिम दिनहरु को घटना क्रमहरु बताउछ।

यसको विपरित मर्कूस सुभसमाचारहरुमा सवैभन्दा छोटो र परमेश्वरले के भन्नु भयो त्यो भन्दा बढी परमेश्वरले के गर्नु भयो त्यो कुरा वढी खुल्स्त पार्छ। मर्कूस ले पुरानो करार शुभसमाचारको शुरु गर्न अघि एक पटक मात्र प्रयोग गरेको छ। यो स्पष्ट छ वंहा ले यस्तो व्यक्ति को लागी लेख्नु भयो जसले शुभसमाचार को संन्देश बास्तवमा सुनेको छ तर पुरानो करार संग परिचित छैन। यदि उसको धेरै जसो पाठकहरु सिनेगाग ( याहुदी हरुको मन्दिर ) मा हुर्केका भए वहाँलाई अरमिक बाट हिब्रु रितिमा उल्था गर्ने अवथ्यक थिएन। वहाँ को संन्देश नास्तिक गैर याहुदी हरुलाई शिक्षा दिन लेखिएको थियो वहाँले प्राय ल्याटिन शब्दहरु र भावहरु लाई पनि प्रयोग गरेका छन जसले यो स्पष्ट पार्छ कि उसको प्रथम पाठकहरु इटली बाट आएका रोमनहरु थिए।

युहन्नाको शुभसमाचार अध्ययन गर्दा हामी लाई एकछिन रोकिएर त्यसको प्रत्येक वाक्यको बारेमा सोच्नु पर्ने हुन्छ। तर मर्कूस को मा यस्तो छैन। उसको पुस्तक को रिती एक पछि अर्को घटना मा छिटो छिटो जान्छ। यसले परमेश्वरको क्रियाशिल सेवा जुन पुरुष र स्त्रीहरु को समस्या समाधान गर्न सहयोग गरेर अनि कष्ट झेलेर हामी लाई मुक्त गर्ने परमेश्वर को असल र कृपालु इच्छा दर्शाउछ। येशु मानिसहरुको माझ सच्चा मानिस हुन तर त्यही समयमा मर्कूस को कथाले हाम्रो आँखा खोलेर यो हेर्न मदत गर्छ कि येशु हाम्रो मुक्तिदाता र परमेश्वर पुत्र पनि हुनुहुन्छ। जसरी परमेश्वरले क्रमबध्द रुपले आफ्नो अनुयायी हरुलाई शब्द र वास्तमा वँहा को हुनुहुन्छ भन्ने चेष्टा दिएर शिक्षा दिनुभयो , हामी पनि पुत्रस संग आफ्नो विश्वास लाई सहारा दिएर भन्न सक्छौ "तपाई नै ख्रिष्ट हुनुहुन्छ" (मर्कूस ८:२९) र रोमन सिपाही जो क्रुसको तल उभिएको थियो, "साँच्चै नै यि मानिस परमेश्वर पुत्र हुनुहुन्छ" (मर्कूस १५:३९)। येशु मृत्युवाट फेरी उठनु भयो र स्वर्गमा फर्किनु भयो मर्कूस ले हामी लाई पनि अन्य अनुयायीहरु संग जसलाई येशुले भन्नु भयो " अनुयायी हरु पृथ्वी को सवै कुनामा गएर सुसमाचार प्रचार गरे, प्रभुले तिनीहरुलाई सहायता गर्नु भयो " (मर्कूस १६:२०) ।

हामी यो पाउछौ कि मर्कूस को शुभसमाचार हाम्रो जिवनमा उपयोगी छ। यसले मानवजातिको पापको मुक्ती को, ख्रिष्टको वारेमा र क्रिस्तियन जिवनको बारेको प्रश्नहरुको उत्तर आफ्नो समय मा र अहिलेको समयमा पनि दिएको छ।

त्यो लेखक को हो जसले हामीलाई हाम्रो परमेश्वरको जिवन मृत्यु र मृत्यु बाट फेरी उठनु भएको सत्य कथा जुन हाम्रो हृदय अझपनि छाप छ र वँहा को अनुसरण गर्न तयर छौ। उ त्यो व्यक्ति हो

जसले क्रमबध्द रुपले परमेश्वरको अनुसरण गरेर शिक्षा प्राप्त गरयो जसको बारेमा उसले लेख्यो। शुरुवात को चर्च ले वँहा लाई युहन्ना मर्कूस बार्नाबास को काकाको छोरा भनेर चिन्दथे। वँहाको हिब्रु नाम युहन्ना थियो र ल्याटिन नाम मार्क।

हामी वँहाले भनेको ग्रन्थको कुराहरु पहिलो पटक प्रेरित १२:१२ "वहाँ (पुत्रस) मरियम को घर तर्फ लागे मरियम युहन्ना को आमा थिइन, युहन्ना लाई मर्कूस पनि भन्निथ्यो। धेरै मनिसहरु त्यहां जम्मा भएका थिए र उनिहरु प्रार्थना गर्दै थिए।" वहाँको आमा येरुस्लमको (शहर को ) क्रिस्तियन समुदाय को सदस्य थिईन जसले (राजा ) हेरोद अग्रिप्पा को सिपाहि द्वारा प्रकाउ गरी जेल मा राखेको छोरा पुत्रस को रिहाई को लागी प्राथना गरिराखेका थिए। उनिहरुको प्रार्थनाको उत्तर स्वरुप एक जना स्वर्ग दुतले पुत्रस लाई रिहा हुन सहयोग गरे जस्ले मर्कुस मा गहिरो प्रभाव पारयो। उसले ख्रिष्ट लाई देख्यो देखेन यो कुरा बाईबलमा (लेखिएको) छैन। तर यो सम्भव छ (मर्कूस १४:५१)। हमिलाई यो भनिएको छैन उ ख्रिष्टमा बिश्वास तब घर्न थाल्यो जब देखि मुक्तिदाता को बारेमा पुरानो करारमा भनिएको छ। केहि बर्ष पछि उसको दाजु बर्णाबास र पौललाऊ उनिहरुको चर्चले बाहिर(अन्तै) ऐसिया प्रान्त ऐन्टियोकमा शुभसमाचारको कुरा फैलाउन खटाए त्यसबेला उनिहरुले युहन्नालाई आफ्नो सहयोगि बनाएर लगे (प्रेरित १३:५१) उसको कार्य पक्कै पनि भरियाको (भारी बोक्ने) थिएन तर शुभसमाचार को साक्षी दिने पनि थियो। यस यात्रामा मा उसले पौल र वर्णवास ले शिक्षा दिएको र उनिहरुको डब्री सम्मको वार्तातलाप पनि अवश्य सुनेको होलान। प्याम्फिलिया को शहर मा युहन्ना मर्कूस ले उनिहरुलाई छोडेर येरुस्लम फर्के। कुनै कारण वस पौल ले मर्कुस लाई दोस्रो धर्म प्रचार कार्य यात्रामा लान मन गरेनन (प्रेरित १५:३७-३८) जसले बर्णबास र पौल छुट्टिए र आफ्नो आफ्नो वाटो लागे। यो परमेश्वरको इच्छा अनुसार बढी धर्मप्रचारक हरु विभिन्न ठाँउमा पठाउने योजना लाई मान्न सक्छौ। त्यसपछी वर्णवास ले मर्कूस लाई लिएर समुद्र यात्रा (जहाज ) गरेर साइप्रस को टापु मा गए। मर्कूस लाई कार्य सिख्न धेरै कठिनाई हरु आए। प्रेरित मा हामी उसको बारेमा धेरै सुन्दैनौ। उसको नाम पौलको पत्रमा फेरी देखिन्छ जस्तै कलस्सी ४:१०, २तिमोथी ४:११ र फिलेमोन २४। पौलले मर्कूस लाई क्षमा (उसले गरेको कार्यको लाई ) गरेको हुनु पर्छ।

मर्कूस एकपटक फेरी पुत्रससंग रोमीमा देखा पर्छन र यो स्तिथि पहिले भन्दा पुर्णतया फरक छ। पुत्रसले - "बेबिलोन" देखी विभिन्न (देशहरु अथवा राज्यहरु) पोन्टस, गलातिया, कयापाडोसिया, एसिया विथिनिया मा पत्र लेख्ने कममा आफ्नो रोमन समुदाय को अभिवादन संग पुत्र मर्कूस को पनि अभिवादन लेख्नु भएको छ। पुत्रस र मर्कूस विच को सम्वन्ध अति गहिरो पिता र पुत्र सरह छ र एसियामा भएको क्रिस्तियनहरु ले मर्कूस लाई चिन्दथे यसले के जनाउछ भने मर्कूस ले धर्म प्रचारको कार्य एसिया प्रान्तमा गर्नुभएको थियो तर अहिले उनी रोम मा पुत्रश को उपदेश सुन्ने गर्छन त्यसैले (१४० A. D. को शुरुवाती चर्चको अगुवा) पपायाले यो भन्नु हुन्छ कि मर्कूस पुत्रसको अनुवादक थिए। तर्सथ उसको (मर्कूस) को शुभ समाचार पुत्रसको उपदेश हरु झल्किन्छ।

परम्परागत भनाई अनुसार (६४ A.D.) को आगलागि मा परेर पुत्रसको मृत्यु भयो त्यतिखेर पौल स्पेन भन्ने (देशमा) थिए। त्यँहा वाट आफ्नो घर येरुस्लम फर्कदा वँहा गिरफ्तार हुनु भयो र वँहा लाई जेल पठाइयो- वहाँको दोस्रो जेलबास। जेलबाट वँहाले तिमोथी जो ऐसियामा थिए वंहालाई जाऊ र "मर्कूस लाई भेट र उसलाई साथ मा लिएर आउ। उसले यहाँ मेरो काममा सधाउन सक्छ" भनेर लेखे (२ तिमोथी ४:११)। उनिहरु पौल को टाउको छिनाल्नु अघि रोम पुगे पुगेनन हामीलाई थाहा

छैन तर हामीलाई यो थाहा छ कि मर्कुसले पौल प्रति गुमाएको विश्वास फेरी पाए। लुका र मर्कूस दुबै जना शुभसमाचार लेखक दुबै रोममा थिए। यी दुबै जना संगै छदाँ एक अर्को संग सल्लाह लिएको होलान यो अन्तिम टिप्पणी हाम्रो अनुमान मात्र हो।

यहाँ दोस्रो शुभ समाचार को लेखक, जो शुरुमा कठिनाईहरु को सामना गरेर विश्वास हुने येग्य शिक्षा पायो तर पछि देवदुतहरु संग बसेर उनिहरुको उपदेश सुन्यो उनिहरुले भनेको सुन्यो र उनिहरुको पयारो बिस्वासपात्र भयो। मर्कूसले हामीलाई भनेको सबै कुरा उसले स्वंमले देखेको सुनेका कुराहरु हो उ यी कुराहरुको प्रत्यक्षदर्शी हो। उसले पौल संग प्रभु को मुत्यु पश्चात पुन प्रकट हुनु भएको देख्यो, पुत्रस संग जो येशु संग ग्यालिली को र जुदेह को गोरेटो अनि घोरेटो सबै मार्ग मा हिडे सबै देख्यो, र बार्णवास लगायत अरु क्रिस्तियन मण्डलिहरु सबै को प्रत्यक्ष्यदर्शी थिए।

मर्कूस लाई उसको गरेको विस्तृत कार्यलाईहेरेर हामीले वहाँलाई पुत्रसको अनुवादक भन्दा उचित हुन्छ। मर्कूस ले पुत्रस को बारेमा भन्दा निष्कफट भएर , वहाँको कमजोरीहरु लाई न्यून नपारेर, र सुझाव दिएर शुभसमाचार लेख्नु भयो, यद्यपी पुत्रस त्यसवेला बिति सक्नु भएको थियो र वहाँको नाम भने ठोस छ। हामीले पवित्र आत्मालाई मर्कूस लाई यसरी लेख्न र कार्य संचालन गर्न, अहिले हामी जो वहाँ को जस्तै समस्याहरु संग जुजिरहेको छौ वहाँ गलती असफलता बाट केही शिक्षा लिउ र आफ्नो विश्वास लाई प्रगाढ बनाऔं।

यो सत्य हो मर्कुस ले जिवन्त र सत्य कथाहरु मात्र लेख्नुहुन्छ। उसको शुरुवाती शब्द ले गर्दा हामी यो थाहा पाउछौ कि वहाँ को दिमागमा निश्चित कार्य थियो। वहाँ को कार्य येशुको जिवन कथा लेख्ने होइन तर येशुलाई हामीहरु समक्ष यो दर्शाउन कि वहाँ नै त्यो व्यक्ति हुनुहुन्छ जो स्वर्गीक पिता ले हाम्रो ठाँउ लिन पठाउनु भएको परमेश्वरको आफ्नै पुत्र हुन। मर्कूस को आफ्नो इतिहासले हामीलाई यो देखाउछ कि परमेश्वरले मर्कुसलाई हामीहरुलाई परमेस्वर संग येशु संग प्रत्यक्ष शुभसमाचारमा आमना सामना गराएर हाम्रो विश्वास लाई परमेश्वरमा स्थिर राख्नको लाई तालिम दिनुभयो। मर्कूस को शुभसमाचर यसप्रकार सुरु हुन्छ, "शुभसमाचार को सुरुवात येशु ख्रिष्ट, परमेश्वरका पुत्र"। आफ्नो पाठकहरुलाई याद दिलाउन – तपाई र म र उनिहरुको विचमा – मुक्तिदाता यो चाहनुहुन्छ कि उनिहरु त्यस कथाको एक अंश हुन। पवित्र आत्माले तपाई को जिवनको कार्य गर्न मर्कुस को शुभसमाचार द्वारा सफल पारुन।

यद्यपी मर्कूस को समयमा कपीराइट को कानुन थिएन, उसको शुभसमचार मा शुभसमाचार सार्वजनिक भएको मिति छैन। मर्कुसले के लेखे , त्यसबाट यो स्पष्ट छ कि यो येरुस्लम को सर्वनास हुन अघि (७० मा A.D ) र देवदुत पुत्रस को समयमा अथवा त्यसपछी लेखे।

येशु ख्रिष्टको बारेमा शुभसमाचार, परमेश्वरका पुत्र

१– प्रस्तावना (संन्देश भन्दा अघडिका शब्दहरु) मर्कूस १:१–१३
- क– शिर्षक (मर्कूस १:१)
- ख– येशुको परिचयपत्र (एउटा प्रमाण जसले व्यक्ति को अधिकार को साक्षी दिन्छ ) (मर्कुस १:२–१३)

२- येशु परमेश्वरका पुत्र, पुरोहित मण्डलीमा, ग्यालिली मा र क्षेत्र (जमिन) अतिरिक सवैमा ख्रिष्ट भएर प्रकट भए। मर्कुस (१:१४ - ३:६)

- क- येशुको सुरुवाती ग्यालिली को पुरोहित मण्डली (मर्कुस १:१४-४५)
- ख- बढदो विपक्षीहरु संग येशुले गर्नु भएको सामना (मर्कुस २:१ - ३:६ )
- ग- येशुको पछिको पुरोहित मण्डली (मर्कुस ३:७-६६)
- घ- येशुको ग्यालीलको मण्डली र क्षेत्र (जमिन) अतिरिक्त समाप्त हुन्छ (मर्कुस ६:६ -८:३०)

३- येशु परमेश्वर पुत्र, कष्टमा, मुत्युमा र मुत्यु बाट फेरी उठदा प्रकट हुनु भयो (मर्कुस ८:३१ - १६:२०)

- क- येशुको ग्यालिली मा अन्तिम दिनहरु (मर्कुस ८:३१-९:५०)
- ख- येशु येरुस्लमको यात्रामा (मर्कुस १०:१-५२)
- ग- येशुको येरुस्लमको पुरोहित मण्डली (मर्कुस ११:१ - १४:११)
- घ- दुखद विहिबार (मर्कुस १४:१२-७२)
- ङ- असल शुक्रबार (मर्कुस १५:१-४७)
- च- येशुको मृत्यु र मृत्यु वाट फेरी उठनु (मर्कुस १६: १-२०)

# मर्कूस को शुभसमाचार का प्रश्नहरु

*यी प्रश्नहरुको आफ्नै शब्दमा उत्तर दिनुहोस*

१- नया करारमा कति वटा शुभसमाचारहरु पाईन्छ?
२- नया करारमा भएको शुभसमाचारहरु को नाम के के हुन ?
३- शब्द "शुभसमाचार" को अर्थ के हो ?
४- परमेश्वरले हामी लाई किन चार वटा शुभसमाचारहरु दिनु भयो ?
५- मत्तिले लेख्नु भएको शुभसमाचार विषेश गरेर कस्तो वयक्तिहरुको लाई हो ?
६- मर्कुसले लेख्नु भएको शुभसमाचार विषेश गरेर कसको निम्ति हो ?
७- शुभसमाचारहरु मा सबै भन्दा छोटो कुन छ ?
८- दोस्रो शुभसमाचार को लेखकको हिब्रु र ल्याटिन नाम के हो ?
९- एन्टियोक भन्ने शहरमा एसिया प्रान्त को लागि धर्म प्रचार गर्न चर्चले पठाएको तिन वटा व्यक्तिहरु को नाम के के थियो ?
१०- मर्कुसको शुभसमाचार कुन शब्दहरु बाट सुरु हुन्छ ?

तल दिएका प्रश्नहरुमा ठीक भए ( ✓ ) र गलत भए ( × ) चिन्ह लगाउनु होस

१- ____मर्कुस को शुभसमाचार रोमन सरकारको शक्ती दर्शाउनका लागि लेखिएको हो।
२- ____परमेश्वरले मर्कुस लाई यो शुभसमाचार लेख्ने प्रेरणा दिनु भयो।
३- ____मर्कुस देवदुत पुत्रसको अनुवादक थिए।
४- ____मत्तिको शुभसमाचार खास गरेर नास्तिक व्यक्तीहरु को लागि थियो।
५- ____दोस्रो शुभसमाचार को ल्याटिन नाम युहन्ना थियो।
६- ____मर्कुस येशुको देवदुत थिएनन
७- ____देवदुत पौलले वहाँ को पहिलो धर्म प्रचार कार्य यात्रा मा मर्कुस ले साथ नदिएकोले पौलले वहाँ लाई कहिल्यै क्षमा गर्नु भएन।

*खाली ठाँउमा सहि शब्द लेख्नुहोस।*

१- चार सुभसमाचारहरु मात्ति, ________ लुका र युहन्ना हुन।
२- ________ मर्कुसलाई शुभसमाचार लेख्ने प्रेरणा दिए।
३- मर्कुस ले लेखेको शुभसमाचार विषेश गरेर ________ व्यक्तीहरुको लाई थियो।
४- मर्कुस को शुभसमाचारले येशु ________ पुत्र हुन भन्ने देखाउछ।
५- शुभसमाचार भनेको ________ ________ हो।
६- मर्कुस हामीलाई उसले ________ वाट शिक्षा पाएको भन्दछ।

*सही उत्तर मा चिन्ह ( ✓ ) लगाइनुहोस।*

१- निम्न मध्ये नया करारको कुन पुस्तक शुभसमाचार होइन?
____ युन्ना
____ १ पुत्रस
____ लुका
____ मर्कुस

२- येशु
____ परमेशचवर का पुत्र हुन
____ साधारण व्यक्ती का पुत्र हुन
____ जाकरिया को पुत्र हुन

३- देवदुत पौल को पहिलो धर्म प्रचार कार्य यात्रामा मर्कुस को संग गएका थिए?
____ पुत्रस र युहन्ना
____ मत्ति र निकोदोमस
____ पौल र बर्णाबास
____ पौल र पुत्रस

*मर्कुस ले यो शुभसमाचार **किन** लेख्नु भयो एउटा सानो निबन्ध लेख्नुहोस।*

Multi-Language Productions
Bringing the Word to the World

An Introduction to the Gospel of Mark - Nepali
MLP Catalog Number: 383394